3= gLlt Pj+lgbIzsf

# कुरै कुरामा सीमित

नेपाल टेलिभिजनका दैनिक प्रसारणलगायत अन्य काम कारवाही राष्ट्रिय प्रसारण ऐन २०४९ राष्ट्रिय सञ्चार नीति २०४९, नेपाल टेलिभिजन कर्मचारी सेवा सर्त विनियमावली २०५५ र नेपाल टेलिभिजन आर्थिक प्रशासन विनियमावली २०५५ अनुसार सञ्चालित छ (शर्मा २०५८)। राष्ट्रिय प्रसारण ऐन २०४९ अनुसार प्रसारण संस्थाले कुनै कार्यक्रमको उत्पादन तथा प्रसारण गर्दा प्राथमिकता दिनु पर्ने भनी १० बुँदा तोकेको छ। तीमध्ये बुँदा 'ख' मा "सबै जाति, भाषा, वर्ग, क्षेत्र तथा धार्मिक सम्प्रदायबीच समानता, आपसी सद्भावना र सामञ्जस्य अभिवृद्धि गर्ने किसिमका कार्यक्रमहरू भनी उल्लेख छ (श्री ५ को सरकार २०५७खः १२८)। अन्य कुराका अतिरिक्त ऐनको दफा १५ मा अश्लील किसिमका सामग्रीहरूको प्रसारणमा रोक लगाइएको छ। प्रसारणका साधनमा अश्लीलता रोक्नको लागि यो व्यवस्था उपयुक्त छ। त्यसै गरी सोही दफामा कुनै पनि जाति, भाषा, धर्म र संस्कृतिलाई अपव्याख्या, अवहेलना, अपमानित तथा अवमूल्यन गर्ने सामग्री प्रसारणमा रोक लगाइएको छ। यसको व्याख्याले पनि महिलाको हक, हित र इज्जतको अवमूल्यन गर्ने गरी प्रसारण गर्न रोक लगाएको देखिन्छ यद्यपि लैङ्गिक विभेदका सम्बन्धमा भने स्पष्ट हुने गरी उक्त ऐनले केही बोलेको पाइँदैन।

वि.स. २०४९ सालमा बनेको राष्ट्रिय सञ्चार नीति (श्री ५ को सरकार २०६०क) ले महिला र टेलिभिजनका बारेमा स्पष्टसँग केही भनेको छैन। सरकारले रेडियो र टेलिभिजन जस्ता विद्युतीय सञ्चारमाध्यमलाई व्यवस्थित गर्न बनाइएको राष्ट्रिय प्रसारण नियमावली २०५२ (श्री ५ को सरकार २०५५) मा भने प्रसारण गर्न नपाउने भनेर केही विषयहरू छुट्ट्याइएका छन् । यसमा एउटा बुँदाले 'विभिन्न जात, धर्म, वर्ण, क्षेत्र, सम्प्रदायका मानिसहरूबीच वैमनश्यता सिर्जना गर्ने वा सामाजिक दुर्भावना फैलाउने सामग्री प्रसारण गर्न निषेध गरेको छ । नियमावलीमा लैङ्गिक विभेद सिर्जना गर्ने सामग्रीहरूबारे भने केही उल्लेख छैन ।

त्यसै गरी श्री ५ को सरकारले सूचना तथा सञ्चार क्षेत्रको दीर्घकालीन नीति २०५९ जेठ २७ गते जारी गरेको थियो (श्री ५ को सरकार २०५९) । त्यस नीतिमा पनि सूचना तथा सञ्चारका विविध क्षेत्रले गर्नुपर्ने धेरै कुराहरू उल्लेख छ, तर त्यहाँ कतै पनि लैङ्गिक रूपमा निष्पक्ष, सन्तुलित र सकारात्मक सामग्रीहरू दिइनुपर्ने भन्ने खालका बुँदाहरू समेटिएका छैनन् । यस नीतिमा सूचना प्रवाह तथा पत्रकारिता क्षेत्र उपशीर्षकमा पत्रकारहरूलाई तालिमको अवसर उपलब्ध गराउने भन्ने उल्लेख भए पनि त्यसमा महिलालाई प्राथमिकता दिनुपर्ने भनी उल्लेख गरेको छैन ।

यसरी राष्ट्रिय प्रसारण ऐन, राष्ट्रिय सञ्चार नीति, प्रसारण नियमावली र सूचना तथा सञ्चार क्षेत्रको दीर्घकालीन नीति लैङ्गिक समानताको पक्षमा असंवेदनशील तथा मौन रहेको पाइन्छ । यसले गर्दा सञ्चारमाध्यमहरूले महिला र लैङ्गिकताका सवाललाई महत्त्व दिनुपर्ने बाध्यात्मक अवस्था सिर्जना हुन सकेको छैन ।

२०५९ मङ्सिर १२ मा विद्युतीय सञ्चारमाध्यमको विकास र सञ्चालनमा समसामयिक सुधार गरी व्यवस्थित बनाउने सम्बन्धमा सुझाव दिन श्री ५ को सरकारले तीन सदस्यीय सुझाव समिति गठन गरेको थियो । उक्त कार्यदलले आफ्नो प्रतिवेदनमा आचार संहिता तयार गर्दा 'महिलाको छविलाई नकारात्मक रूपमा प्रस्तुत गर्ने खालका विज्ञापनहरू'का सम्बन्धमा विशेष छलफल हुनुपर्ने भनी सुझाव दिइएको थियो (कोइराला २०५९: ५) । केवल विज्ञापनका सम्बन्धमा मात्र चर्चा गरिएको यस सुझावमा पनि सामग्रीलाई लैङ्गिक अवधारणाले हेरी प्रसारणयोग्य भए नभएको छानविन गर्नुपर्नेबारे उल्लेख छैन ।

सन् १९९५ मा चीनको राजधानी बेइजिङ्गमा सम्पन्न भएको चौथो विश्व महिला सम्मेलनद्वारा पारित भएको महिला सरोकारका क्षेत्रहरूमा नेपालले पनि आफ्नो प्रतिबद्धता जाहेर गरेको थियो । उक्त प्रतिबद्धताअनुरूप सञ्चार लगायत १२ ओटा क्षेत्रका विषयवस्तु समावेश गरी श्री ५ को सरकारले लैङ्गिक समानता तथा महिला सशक्तीकरण राष्ट्रिय कार्ययोजना २०५४ तर्जुमा गरेको थियो (श्री ५ को सरकार २०५४) र सन् २००२ को जून ५-९ मा संयुक्त राष्ट्रसङ्घको महासभाको विशेष सत्रमा बेइजिङ्ग जोड ५ को प्रतिवेदनमाथि छलफल गरी निष्कर्ष तथा सुझावहरू दिइएको थियो । त्यसलाई समेत समावेश गरेर सरकारले लैङ्गिक समानता तथा महिला सशक्तीकरण राष्ट्रिय कार्ययोजना २०६१ तर्जुमा गऱ्यो (श्री ५ को सरकार २०६१) । यस कार्ययोजनामा महिला र सञ्चारका क्षेत्रमा पनि योजना तथा कार्यक्रमहरू समावेश गरिएका छन् । उक्त राष्ट्रिय कार्ययोजनाको पहिलो उद्देश्य सञ्चार र सञ्चारका नयाँ प्रविधि लगायत निर्णय लिने तथा अभिव्यक्त गर्ने कार्यमा महिलाको पहुँच र सहभागिता वृद्धि गर्ने रहेको छ । त्यसका लागि सञ्चारसम्बन्धी नीति निर्माणमा र रोजगारीमा कम्तीमा ३३ प्रतिशत महिला रहने व्यवस्था गर्ने, महिला सञ्चारकर्मी वृद्धिका लागि छुट्टै जनशक्ति विकास तथा संस्थागत सहयोगको व्यवस्था गर्ने र सञ्चारसम्बन्धी नीति निर्माण तथा कार्यान्वयनमा महिलाको पहुँच र सहभागितामा वृद्धि गर्ने जस्ता रणनीति तोकिएका छन् । अन्य योजनामा लैङ्गिक संवेदनशील आचार संहिता वा निर्देशिका तयार गर्ने, सञ्चारकर्मीलाई लैङ्गिक संवेदनशीलता र लैङ्गिक समानता विषयमा तालिम प्रदान गर्ने, सञ्चारमाध्यमबाट महिलाको नकारात्मक छविलाई नियन्त्रण गरी सकारात्मक छवि प्रस्तुत गर्ने कार्यक्रम तोकिएका छन् ।

त्यस्तै, विद्युतीय सञ्चारमाध्यमबाट प्रसारण हुने विज्ञापन, टेलिशृङ्खला तथा अन्य समाचार प्रसारणपूर्व सेन्सर हुँदा महिलाको लैङ्गिक पूर्वाग्रही भूमिकामा सुधार ल्याउन र परिवार तथा समाजमा महिलाको मर्यादास्तर बढाउने गरी प्रस्तावित कार्यक्रम सेन्सर गर्ने पनि यस कार्ययोजनामा जनाइएको छ । विभिन्न सरकारी तथा गैरसरकारी निकायहरूको व्यापक सहभागिता र संलग्नतामा तयार पारिएको राष्ट्रिय कार्ययोजना २०६१ कार्यान्वयन गर्न श्री ५ को सरकार मन्त्रिपरिषद्बाट मिति २०६१ भदौ ३१ मा स्वीकृत भइसकेको छ । लैङ्गिक समानता तथा महिला सशक्तीकरण राष्ट्रिय कार्ययोजना २०६१ का कार्यक्रमहरू पाँच वर्षसम्म सञ्चालन हुनेछन् । त्यसको प्रगति समीक्षाका लागि २०६६ सालसम्म कुर्नुपर्ने देखिएको छ ।

कार्ययोजनाको सम्बन्धमा तारानाथ दाहालको भनाइ छ, “यो कार्ययोजनाको उद्देश्य, रणनीति र कार्यक्रमहरू उपयोगी नै छन् तर तिनको कार्यान्वयनका लागि प्रस्तावित गतिविधि र सम्बन्धित निकाय हेर्दा ती उद्देश्य र लक्ष्य प्राप्त हुने कुरामा विश्वास गर्न सकिने स्थिति छैन” (दाहाल २०५९) ।

श्री ५ को सरकारको चालू दसौं योजना (२०५९-२०६४) ले महिला विरुद्धका सबै भेदभावहरू उन्मुलन गर्दै महिला अधिकारको आधारमा समानता/समतामूलक समाज निर्माण गर्ने उद्देश्य राखेको छ (श्री ५ को सरकार २०६०ख) । यसका लागि आमसञ्चार माध्यमको सन्दर्भ भने उल्लेख गरिएको छैन । आमसञ्चार माध्यमको उपयोगविना समतामूलक समाजको निर्माण कसरी सम्भव छ ? यो प्रश्न भने अनुत्तरित छ ।

पत्रकारिताको पेशागत उच्चतम आचरण कायम राखी स्वस्थ, स्वतन्त्र र उत्तरदायी पत्रकारिताको विकास तथा सम्वर्द्धनका लागि प्रेस काउन्सिल ऐन २०४८ ले प्रेस काउन्सिलको स्थापना गऱ्यो । प्रेस काउन्सिल ऐनको दफा ७ अनुसार, “पत्रकारितासम्बन्धी नीतिलाई समय समयमा अवलोकन गरी सम्बन्धित क्षेत्रको राय सल्लाह लिई श्री ५ को सरकारलाई सुझाव दिने, स्वस्थ पत्रकारिताको विकास गर्न पत्रकारितासम्बन्धी आचार संहिता तयार गरी लागू गर्ने काम, कर्तव्य र अधिकार” यसको रहेको छ (श्री ५ को सरकार २०५७ग: १२१) । काउन्सिलले निर्माण गरेको पत्रकार आचार संहिता २०५५ (प्रेस काउन्सिल नेपाल २०५५) ले प्रेससँग महिला र लैङ्गिकताका सम्बन्धमा केही बोलेको छैन ।

पछिल्लोपटक पत्रकार आचार संहिता २०६० जारी भएको छ (प्रेस काउन्सिल नेपाल २०६०) । उक्त आचार संहिताका विभिन्न प्रावधानहरू महिलाको इज्जत, अधिकार, मान र मर्यादासँग सीधा सम्बन्धित भएको देखिन्छ । आचार संहिताको दफा २ मा मानवअधिकार र अन्तर्राष्ट्रिय सम्बन्धबारे उल्लेख गरिएको छ । मानवअधिकारसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनमा भएका प्रावधानको मान्यता र त्यसप्रति सम्मान व्यक्त गर्ने कुरा यस दफामा परेकोले अन्य कुनै दफा नभए पनि यसै दफाबाट महिलाहरूका सम्पूर्ण अधिकारलाई मानवअधिकारको रूपमा हेर्न सकिने अवस्था देखिएको छ । यसबाट महिलाको स्थितिलाई सुदृढ र समृद्ध बनाउने दिशामा आचार संहिताले फराकिलो दृष्टिकोण राखेको पुष्टि हुन्छ । समग्रमा विचार गर्दा पत्रकार आचार संहिताले महिलाको व्यक्तित्वलाई अधीनस्थ तुल्याउने, इज्जत र चरित्रलाई नङ्ग्याउने, गोप्यता भङ्ग हुने, गाली

बेइज्जती हुने, सामाजिक प्रतिष्ठामा आँच आउने लगायतका कार्य गरी महिलाको स्थितिलाई नकारात्मक प्रभाव पार्ने कुरा गर्नेबाट रोक लगाएको छ ।

संयुक्त राष्ट्र विकास कार्यक्रम यूएनडिपि तथा लैङ्गिक समताको लागि मूल प्रवाहीकरण कार्यक्रम (एमइजिपि) को सहयोगमा प्रेस काउन्सिल नेपालद्वारा पछिल्लोपल्ट नेपाली छापामा लैङ्गिक प्रसङ्गबारे प्रतिवेदन प्रस्तुत गरियो (प्रेस काउन्सिल बुलेटिन २०६१, प्रेस काउन्सिल नेपाल २०६२) । उक्त प्रतिवेदनबाट प्राप्त भएका निष्कर्षहरूको विवरणमा विद्युतीय सञ्चारमाध्यममा लैङ्गिक संवेदनशीलताका विषयमा अनुगमन गर्न सुझाव दिइएको छ । त्यस्तै विज्ञापन निकै महत्त्वपूर्ण भएको र यसले व्यापक क्षेत्र समेट्ने हुनाले यस विषयमा अनुसन्धान गर्न पृथक अनुगमन एकाई हुनुपर्छ समेत भनिएको छ । प्रेस काउन्सिलले लैङ्गिक संवेदनशीलतालाई ध्यान दिई पत्रकार आचार संहिता पुनरावलोकन गर्नुपर्दछ र आमसञ्चारकर्मीहरूका लागि विशेष लैङ्गिक निर्देशिका तयार गर्ने र यसलाई व्यापक रूपमा वितरण गरी कार्यान्वयन सुनिश्चित गर्नुपर्छ भन्ने सुझाव पनि यसमा दिइएको छ ।

दक्षिण एसियाली स्वतन्त्र पत्रकार सङ्गठन (साफ्मा) नेपाल च्याप्टरले २०६१ असार ११ गते प्रथम स्वतन्त्र सञ्चार राष्ट्रिय सम्मेलन आयोजना गरेको थियो । यस सम्मेलनले गरेका विभिन्न घोषणामध्ये लिङ्गभेद विरुद्ध सञ्चार र नागरिक समाजलाई संवेदनशील बन्न विशेष गरी नीति निर्माण तह र सञ्चार उद्योगमा महिलाको सहभागिता वृद्धि गर्न अघि सर्ने दृढता व्यक्त गरेको थियो । २००४ जुन २६ र २७ मा साफ्मा नेपाल च्याप्टर र सञ्चारिका समूह नेपालद्वारा काठमाडौँमा आयोजित 'जेन्डर र मिडिया' विषयक दक्षिण एसियाली पत्रकारहरूको कार्यशालाले मिडिया जेन्डर गाइड लाइन निर्माण गरेको थियो ।[१] उक्त जेन्डर गाइडलाइनलाई नेपाली सञ्चारमाध्यमहरूमा प्रवाह तथा लागू गर्न दबाब दिने सञ्चारिका समूहको योजना छ ।[२]

नेपालमा हालसम्म सरकारी तथा निजी प्रसारण संस्थाहरू कसैले पनि महिला र लैङ्गिकतासम्बन्धी नीति एंव निर्देशिका बनाएका छैनन् र ती च्यानलहरूको आफ्नो शैली पुस्तिका समेत छैन । यद्यपि कान्तिपुर टेलिभिजनले समय सन्दर्भअनुसार

---

१ उक्त जेण्डर गाइडलाइन निर्माण कार्यमा नेपालको तर्फबाट म पनि सहभागी थिएँ ।

२ सञ्चारिका समूहकी अध्यक्ष बबिता बस्नेतसँगको कुराकानीमा आधारित ।

महिला र लैङ्गिकतालाई प्राथमिकता दिने गरेको र च्यानल नेपालले चलिरहेको चलनलाई नै पछ्याइरहेको बताइन्छ।[३] कार्यक्रम निर्देशिका २०६१ (नेपाल टेलिभिजन २०६१क) कार्यक्रम प्रायोजन, प्राविधिक सेवा, कार्यक्रम निर्माण, कार्यक्रम खरिद विक्री, प्रसारण समय भाडामा लिने दिने जस्ता कारोवार गर्ने प्रयोजनका लागि मात्र निर्माण भएको देखिन्छ। पर्दामा प्रस्तुत गरिने विषयवस्तु वा अन्तर्वस्तुसम्बन्धी निर्देशन त्यसमा छैनन् ।

प्रेस काउन्सिल नेपालले बनाएको नीति नियमहरूको पालना गर्ने सहमति जनाए पनि प्रसारण संस्थाहरू त्यो पालना गर्न बाध्य हुँदैनन्। सञ्चार संस्थाहरूले आफै सचेत भएर नीति बनाउने पहल न सरकारी न निजी च्यानलहरूमा पाइएको छ। पहल नहुनुमा संस्थाभित्र त्यस सम्बन्धमा सचेतताको अभाव एउटा कारण हुन सक्छ। उक्त विषयलाई खास महत्त्व नदिनु अर्को कारण हो। नीति नियम नभएको अवस्थामा च्यानल भित्रका केही सचेत व्यक्ति वा समूहहरू स्वतः अल्पमतमा पर्ने गर्दछन्।

यस प्रकार लैङ्गिकता र महिलाका सम्बन्धमा श्रव्यदृश्य सञ्चारमाध्यममा स्पष्ट नीति नभएको र आफ्नो संहिता वा शैली पुस्तिका नभएको अवस्था छ। लैङ्गिक पक्षबाट नभए तापनि छिटपुट रूपमा महिलाका सन्दर्भमा जे जति नीति संहिताहरू छन्, तिनको व्यवस्था र व्यवहारिकताको पनि कार्यान्वयन र राम्ररी अध्ययन हुन सकेको छैन।

यसैबीच २०६३ साल असार १५ गते दक्षिण एसियाली स्वतन्त्र पत्रकार सङ्गठन (साफ्मा) नेपाल च्याप्टरको दोस्रो राष्ट्रिय अधिवेशन पोखरामा सम्पन्न भयो। 'नयाँ नेपालको निर्माण प्रक्रियामा आमसञ्चार कानूनको पुनरावलोकन' विषयक उक्त अधिवेशनमा आमसञ्चार कानूनको पुनरावलोकन (मस्यौदा प्रतिवेदन) प्रस्तुत गरिएको थियो (आचार्य र अरू २०६३)।

सञ्चारसम्बन्धी कानूनहरूको समायोजन गर्दा महिला जनजाति, दलित तथा अन्य समावेशीकरणमा नपरेकाहरूका लागि विशेष तालिम व्यवस्था र सञ्चार माध्यमहरूले इन्टर्नशीप दिनुपर्ने देखिन्छ भन्ने सुझाव प्रतिवेदनमा उल्लेख छ।

---

[३] नेपाल टेलिभिजन, योजना महाशाखाका निर्देशक गम्भीरकान्त मैनाली, इमेज च्यानलका उपाध्यक्ष मोहनचन्द्र सिंह, च्यानल नेपालका एसोसियट एडिटर सञ्जय घिमिरे तथा कान्तिपुर टेलिभिजनका समाचारप्रमुख तीर्थ कोइरालासँगको कुराकानीमा आधारित।

नयाँ कानून बन्दा यी कुरालाई समावेश गरियो भने महिला सञ्चारकर्मीहरूको सङ्ख्या वृद्धि हुन जाने देखिन्छ ।

२०६२/६३ को जनआन्दोलनपछि २०६३ साल असार २८ गते नेपाल सरकारले सञ्चारसम्बन्धी ऐन कानून र नीतिमा समसामयिक परिमार्जन र सरकारी सूचना प्रवाह प्रणालीमा सुधार सहित नेपाली मिडियाको पुनर्संरचनाको अवधारणा र सुझावका लागि उच्चस्तरीय मिडिया सुझाव आयोग गठन गऱ्यो । आयोगले आफ्नो प्रतिवेदन २०६३ भदौ ३० गते प्रधानमन्त्रीसमक्ष बुझाएको थियो । उक्त प्रतिवेदनमा "आमसञ्चारका सार्वजनिक माध्यम र नियामक संस्थाहरूमा ३३ प्रतिशत महिलाको प्रतिनिधित्व गराउने व्यवस्था गर्ने, कुल पत्रकारमध्ये ३३ प्रतिशत महिला सहभागिता वा प्रतिनिधित्व गराउने र ३३ प्रतिशत महिलाको प्रतिनिधित्व र सहभागिता गराउँदा पिछडिएका समुदाय, दलित, मधेसी, जनजाति महिलाहरूलाई विशेष प्राथमिकता दिएको वा दिने व्यवस्था हुनुपर्ने" सुझाव प्रस्तुत छ (अधिकारी २०६३: १०-११) ।

आयोगले टेलिभिजन माध्यमको संस्थागत विकास र सुदृढीकरणका निम्ति सार्वजनिक सेवा प्रसारण र व्यापारिक प्रसारणलाई वर्गीकरण गर्नुपर्ने सुझाव दिएको छ । सार्वजनिक सेवाको उद्देश्यले सञ्चालन भएको टेलिभिजनलाई राष्ट्रले विशेष सहुलियत र सुविधा दिनुपर्ने पनि प्रतिवेदनमा उल्लेख छ । त्यस्तो किसिमको सेवा सहुलियत प्राप्त भएको खण्डमा हाल सरकारी नियन्त्रणमा रहेको नेपाल टेलिभिजनलाई आफै कमाइ खानुपर्ने स्थिति रहँदैन । यसले गर्दा व्यापारिक प्रयोजनका कार्यक्रमको सङ्ख्या घट्न गई यसका प्रस्तुतिमा परिवर्तन आउन सक्ने सम्भावना छ । त्यो परिवर्तनले महिलाका विषय र छविमा पनि सकारात्मक असर ल्याउन सक्छ ।

आयोगको प्रतिवेदन यही रूपमा कार्यान्वयन हुने हो भने टेलिभिजन च्यानलमा पनि महिला सञ्चारकर्मीको सहभागिता वृद्धि हुने सम्भावना छ । जहाँसम्म महिला र लैङ्गिकतासम्बन्धी स्पष्ट ऐन कानून त्यसको संशोधन र कार्यान्वयनको कुरा छ, त्यसमा प्रयास धेरैले गरे पनि दीगो काम भएको देखिन्न । सरकारको लैङ्गिक संवेदनशील आचार संहिता निर्देशिका नबन्दै तुहिसकेको छ । विद्यमान लैङ्गिक मैत्री प्रावधानहरू पनि व्यवहारमा लागू भएका छैनन्, लागू नगर्नेलाई कुनै दण्ड सजाय पनि छैन । टेलिभिजन च्यानलहरूलाई प्रेस काउन्सिलले बनाएको नीति निर्देशिका पालन गर्न कर छैन भने अन्य सङ्घसंस्थाले बनाएको निर्देशिका पालन गर्ने कुरै आएन ।

टेलिभिजन च्यानलहरू आफै अग्रसर भई यस्ता निर्देशिका बनाएको पाइँदैन । तसर्थ महिला तथा लैङ्गिकतासम्बन्धी नीति निर्देशिकाको निर्माण तथा कार्यान्वयनका लागि लर्तरो प्रयासले नभई ठूलै खालको सञ्चार कसरत गर्नु पर्ने वा सानोतिनो मिडिया क्रान्ति नै ल्याउनुपर्ने हो कि भन्ने भान हुन्छ ।